# भाषा शिक्षकको पेसागत विकास, संलग्न संस्थाहरू र तिनको भूमिका

पुष्पादेवी भण्डारी
पीएच.डी.स्कलर, त्रिभुवन विश्वविद्यालय

**लेखसार**

प्रस्तुत लेख भाषा शिक्षकको पेसागत विकास भन्ने शीर्षकमा केन्द्रित रहेको छ । उक्त शीर्षकमा केन्द्रित भएर लेख तयार पर्ने क्रममा लेखसँग सम्बन्धित विभिन्न पुस्तकहरूको अध्ययन गरिनुका साथै वर्णनात्मक विधिको प्रयोग गरी गुणात्मक ढाँचामा अध्ययन विश्लेषण गरिएको छ। पेसाको बारेमा सामान्य जानकारी गराउँदै त्यसको उद्देश्यको बारेमा उल्लेख गरिएको छ । यहाँ पेसा भन्नाले मान्छेले जीवन यापनको लागि अवलम्बन गर्ने मुख्यकाम भन्ने बुझिन्छ । मान्छेले जीवन यापन गर्न अपनाउने विविध पेसा मध्ये शिक्षण पेसा पनि एक हो । कुनै पनि विषयवस्तुको गहन अध्ययन र विश्लेषण पश्चात नै त्यस बारेमा आफ्ना धारणाहरू अभिव्यक्त गर्न सकिन्छ । यसरी आफूले जानेका कुरा अरुलाई सिकाउनु नै शिक्षण हो । शिक्षण पेसाका लागि पेसागत दक्षता आवश्यक पर्दछ । किनकि यो पेसा अरु भन्दा अलि फरक स्वभाव र फरक प्रकृतिको हुन्छ । शिक्षण कार्य भनेको शिक्षा आदानप्रदान गर्ने प्राज्ञिक स्वरूपको पेसा भएकाले विशेष दक्षता र सिपको आवश्यकता पर्दछ । यस लेखमा भाषा शिक्षकको विकासका आधारहरू पहिल्याउनु र भाषा शिक्षकका पेसागत विकासमा देखिएका समस्या र समाधानका उपायहरूको बारेमा पनि सामान्य चर्चा गरिएको छ ।

***मुख्य शब्दावली:*** भाषा शिक्षक, पेसागत विकास, अवधारणा, संस्थाहरू, अद्यावधिक, तालिम

## पृष्ठभूमि

नेपाली भाषाको 'भाषा' शब्द संस्कृतको 'भाष्' धातुबाट बनेको हो । यसको अर्थ 'व्यक्त वा बोलिएको वाणी' भन्ने हुन्छ (अधिकारी, २०६३) । भाषा मानवीय बिचार विनिमयको सशक्त माध्यम हो । भाषा संकेतात्मक वाचिक ध्वनि संकेत हो । यो यादृच्छिक हुन्छ । भाषा अनेक हुन सक्छन् । व्यक्तिहरूको विचमा मानवीय भावनाको सम्प्रेषण र उक्त संकेतको बोध नै भाषा हो । विश्वमा ७११७ भाषाहरू अस्तित्वमा छन् (Ethnologue, 2020) नेपालको जनगणना (२०६८) का अनुसार नेपालमा १२३ भाषाहरू चलनचल्तिमा छन् । यो संख्या अझै बढ्दो क्रममा छ ।

सामान्यतया पेसा भन्नाले जीवन यापनको निम्ति अपनाइएको मुख्य काम वा जीविकाको निम्ति गरिने काम भन्ने बुझिन्छ । पेसा शब्दले इलम, व्यवसाय, उद्योगधन्दा आदि लाई बुझाउँछ । कुनै व्यक्तिले अँगालेको इलम, उद्यम वा व्यवसाय, जीवन निर्वाहका लागि गरिने कुनै धन्दा नै पेसा हो (प्रयोगात्मक शब्दकोश, २०६१ पृ.३३६) । जीवन यापनका निम्ति अँगालिएको मुख्यकाम, जीविकाका निम्ति गरिने काम, इलम, व्यवसाय, उद्यम वा उद्योग धन्दालाई नै पेसा भनिन्छ (नेपाली वृहतशब्दकोश,२०७५ पृ. ८०२) ।

मानिसले आफ्नो जीवन यापन गर्न अपनाउने विविध पेसामध्ये शिक्षण पनि एक प्रकारको पेसा हो । कुनै पनि विषयवस्तुको गहन अध्ययन र विश्लेषण पश्चात नै त्यस बारेमा आफ्ना धारणाहरू

अभिव्यक्त गर्न सकिन्छ । यसरी आफूले जानेका कुरा अरुलाई सिकाउनु नै शिक्षण हो । शिक्षण एउटा कला हो । किनभने यो पेसा अरु पेसा भन्दा अलि फरक स्वभाव र फरक प्रकृतिको हुन्छ । शिक्षण पेसाका लागि पेसागत दक्षता आवश्यक पर्दछ । शिक्षण कार्य आफैंमा प्राविधिक पेसा भएकाले यसमा प्राविधिक सिपको आवश्यकता पर्दछ । हुन त अरु पेसाका लागि पनि एक निश्चित प्रकारको पेसागत सिप दक्षताको खाँचो पक्कै पर्दछ तर शिक्षण कार्य भनेको शिक्षा आदानप्रदान गर्ने प्रज्ञिक स्वरूपको पेसा हो तसर्थ यसमा विशेष दक्षता र सिपको आवश्यकता पर्दछ । त्यसमा पनि भाषाको शिक्षण गर्नु भनेको त झनै कठिन कार्य हो ।

भाषा मानवीय र सामाजिक वस्तु हो मानिसले विचार र विनिमयका लागि भाषाको प्रयोग गर्दछ । भाषाले एउटा मनको कुरा अर्काको मनसम्म पुऱ्याउने हुनाले भाषा मानिसका लागि नभइनहुने वस्तु हो (ओझा र अन्य,२०६९, पृ. ३४६) । आज ज्ञान विज्ञानका क्षेत्रमा जे जति उपलब्धिहरू भएका छन् ती सबै भाषाकै माध्यमबाट भएका हुन् । भाषा शिक्षणमा भाषाको यही पक्षको शिक्षण हुन्छ । तसर्थ भाषा शिक्षण एउटा जटिल प्रक्रिया हो ।        भषा शिक्षण भाषाको सिकाइ र शैक्षणिक प्रयोजनसँग सम्बन्धित विषय हो । यसमा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सिपको आर्जन गर्ने सिप सिकाइन्छ (ओझा र अन्य,२०६९ , पृ.३४६) । भाषाका यी चार सिप आर्जनका लागि कथ्य र लेख्य दुई तरिका अपनाउन सकिन्छ । भाषिक सिपलाई मूलतः बोध र अभिव्यक्ति गरी दुई भागमा विभाजन गरिन्छ । बोधलाई आदानात्मक र अभिव्यक्तिलाई प्रदानात्मक सिप भनिन्छ । बोध वा आदानात्मक सिप भित्र सुनाइ र पढाइ पर्दछन् भने अभिव्यक्ति वा प्रदानात्मक सिप भित्र बोलाइ र लेखाइ जस्ता सिपहरू पर्दछन् । यस्ता भाषिक सिपहरू प्रसस्त अभ्यासका माध्यमले परिष्कृत हुँदै जाने भएकाले भाषालाई कलाका रूपमा पनि लिन सकिन्छ । भाषा शिक्षण सिपको शिक्षण हो । भाषा शिक्षण गर्दा विषयवस्तु गौण हुन्छ भने भाषिक सिप प्रमुख हुन्छ । त्यसैले भाषा शिक्षण विषयवस्तुको शिक्षण नभएर विषयवस्तु व्यक्त गर्ने वा बुझ्ने सिपको शिक्षण हो (शर्मा र पौडेल,२०६७, पृ.३) ।

भाषा शिक्षण विद्यार्थीको स्तर तथा क्षमता अनुसारको बोध र अभिव्यक्ति सिप विकास गर ाउने प्रायोगिक भाषा विज्ञानको एउटा महत्वपूर्ण शाखा हो । यसमा विषयवस्तु साधन र भाषिक सिप साध्यका रूपमा आउँदछ । विविध विषयवस्तुले युक्त साहित्यिक विधाहरू जस्तै कथा, कविता, निबन्ध, रूपकका साथै इतिहास, भूगोल, विज्ञान, अर्थशास्त्र, स्वास्थ्य आदिका सामग्री भाषा शिक्षणमा साधन हुन्छन् भने ती सामग्रीबाट विद्यार्थीहरूलाई सिकाउन खोजिएको श्रुतिबोध, मौखिक अभिव्यक्ति, सस्वर पठन, शुद्धोच्चारण, शब्दार्थ, वाक्य गठन, पठन बोध, भावबोध, व्याख्या, रचना सिप र भाषातत्व जस्ता पक्षहरू चाहिँ भाषिक सिप वा साध्य हुन् (खनिया,२०७५,पृ.२) ।

बालबालिकाले सुरु सुरुमा भाषाको प्रयोग सुनाइ र बोलाइका लागि मात्रग र्दछन् । उनीहरूलाई कुनै लिपिबद्ध सामग्री पढ्न केही कुरा लेख्न आउँदैन, पढ्ने र लेख्ने सिप नहुँदा उनीहरूले आफ्ना वरिपरिका कयौं उपलब्धिहरू गुमाउन पुग्दछन्, त्यसो हुनाले बालबालिकामा सुनाइ र बोलाइ मात्र होइन पढाइ र लेखाइ अर्थात सुनाइ, बोलाइ, पढाइ र लेखाइ चार ओटै सिपलाई एककालिक ढाँचामा सिक्न सक्ने गरी अध्यापन गर्ने कार्य भाषा शिक्षण अन्तर्गत पर्दछ । यसरी भाषा शिक्षण भनेको ज्ञान, विषय वस्तु वा स्वयम् भाषाकै सम्बन्धमा गरिने शिक्षण नभई विद्यार्थीहरूमा सम्बद्ध भाषाका भाषिक व्यवहार एवम् कुशलता विकास गराउन गरिने कार्यकलाप हो ।

**उद्देश्य**

यस अध्ययनको मुख्य उद्देश्य भाषा शिक्षकको पेसागत विकासका आधारहरू पहिल्याउनु र भाषा शिक्षकका पेसागत विकासमा संलग्न संस्थाहरू र तिनको भूमिकाका बारेमा प्रष्ट पार्नु रहेको छ ।

**अध्ययन विधि**

प्रस्तुत लेख पुस्तकालयीय अध्ययन कार्यमा आधारित भई वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गर्दै गुणात्मक ढाँचामा तयार पारिएको छ । यस लेखमा भाषा शिक्षकको पेसागत विकासको अध्ययन गर्न विषयसँग सम्बन्धित विभिन्न पुस्तक, लेख रचना तथा सन्दर्भ पुस्तकहरू अध्ययन गरी द्वितीय स्रोत सामग्रीको प्रयोग गरिएको छ ।

**भाषा शिक्षकको पेसागत विकास**

शिक्षण एक पेसा हो । यो पेसाको बाहक शिक्षक हो । शिक्षण पेसा एउटा शैक्षिक सञ्चार र प्रविधि हो जुन विशिष्ट बौद्धिक अध्ययन र तालिममा आधारित हुन्छ । कुनै पनि पेसामा संलग्न व्यक्ति दक्ष भएमा मात्रै उद्देश्य प्राप्ति हुन्छ । शैक्षिक योग्यता हाँसिल गर्दैमा व्यक्ति दक्ष हुँदैन । हरेक व्यक्तिमा गुणात्मक सिपहरूको वृद्धि भएमा मात्र दक्षताको विकास हुन्छ । शिक्षण पेसा एक प्राविधिक कार्य पनि हो । जुनसुकै प्राविधिक कार्य सम्पन्न गर्नका लागि कुनै न कुनै प्रकारको विशेष सिप र दक्षताको अवश्यकता पर्दछ । अफ्नो ज्ञान र सिपको वृद्धिको लागि हरेक व्यक्ति अध्ययनशील र क्रियाशील रहनु पर्दछ । त्यति मात्रै भएर पनि शिक्षण पेसामा लागेका व्यक्ति दक्ष हुँदैनन् । उनीहरूलाई समय समयमा कक्षाकोठा व्यवस्थापन, विद्यालय व्यवस्थापन, बालमनोविज्ञान, समुदायसँगको सम्बन्ध र सम्बन्धित विषयका ज्ञान, अभिवृत्ति तथा नयाँ नयाँ शिक्षण विधिका बारेमा पुनर्ताजगी तालिम प्रदान गर्नुपर्दछ (अधिकारी र अन्य,२०६०,पृ.२९१) ।

शिक्षणलाई प्राविधिक रूप दिन पनि निश्चित विषयवस्तुको ज्ञान र अनुभवले मात्र पुग्दैन त्यसका लागि शिक्षकमा विशेष प्रकारको योग्यता दक्षता र तालिमको अवश्यकता पर्दछ । त्यस्तै पेसागत दक्षताको लागि शिक्षण सिप र शिक्षण पेसाप्रति सकारात्मक मनोवृत्तिको अवश्यकता पर्दछ । यसरी समग्रमा भन्नु पर्दा एउटा शिक्षक व्यवसायिक रूपमा दक्ष हुन वा उसमा पेसागत दक्षता हुन शिक्षण सिप, शैक्षिक प्रक्रियाको ज्ञान, शैक्षिक सामग्री र विधिहरूको ज्ञान, विद्यार्थी मूल्याङ्कन सिप, शिक्षण यो जना र प्रयोग सम्बन्धी सिपका साथै कक्षाकोठामा समाहित शिक्षण गर्ने र शिक्षण पेसाप्रति सकारात्म दृष्टिकोण हुन आवश्यक हुन्छ ।

शिक्षण सिकाइको क्षेत्रमा विकास भएका नयाँनयाँ विधि, प्रविधि शैली तथा तरिकाहरूका बारेमा अद्यावधिक गराउने तरिका पेशागत विकास हो । यसका लागि निरन्तर अध्ययन गर्ने, तालिम तथा प्रशिक्षणमा सहभागी हुने, शिक्षणीय विषयवस्तुमा विशेष दखल राख्ने, गोष्ठि तथा सेमिनारमा निरन्तर सहभागी हुने, शिक्षणीय अनुभव आदानप्रदान गर्ने, कक्षाकोठाको व्यवस्थापन गर्ने, खोज, अन्वेषण तथा कार्यमूलक अनुसन्धानमा सक्रिय हुने जस्ता कार्यहरू गर्नु पर्दछ (सुवेदी, २०७५) ।

शैक्षिक क्षेत्रको सुधार तथा परिवर्तन गर्न शिक्षकको पेसागत विकास गरिनु आवश्यक देखिन्छ । शिक्षक स्वयमले विभिन्न तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण आदि कार्यकलापमा

सहभागि भएर, शिक्षण सिकाइका विविध पक्षहरूमा अध्ययन अनुसन्धान गरेर, अनुभव आदानप्रदान जस्ता कार्यहरूबाट आफ्नो पेसागत दक्षता बढाउन सक्छन् । पेसागत रूपमा दक्ष, अध्ययनशील, तथा कर्तव्यनिष्ठ शिक्षकले मात्र प्रभावकारी शिक्षण सिकाइ सहजीकरणको माध्यमबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार गर्न सक्दछन् । आफ्नो पेसागत विकासका लागि शिक्षक पेसागत रूपमा दक्ष तथा लगनशील हुनु पर्दछ । शिक्षक विद्यालय शिक्षण प्रणालीका मेरूदण्ड हुन्, विद्यार्थीको सिकाइका जग निर्माता हुन् र समाजका सचेत वर्ग तथा समूह हुन् (लम्साल, २०६८, पृ.२५३) । त्यसैले शिक्षकको पेसागत विकासबाटै विद्यार्थीहरूको सर्वाङ्गीण विकास हुन्छ ।

**पेसागत विकासको आवश्यकता**

शिक्षक शिक्षण पेसाको प्रमुख बाहक भएकोले शिक्षकले जहिले पनि आफ्नो कामप्रति सक्रिय हुनुपर्दछ । अहिलेको युगमा शिक्षा क्षेत्रमा नवीनतम खोज तथा अनुसन्धान भइरहेका छन् । यस्ता नयाँ खोज तथा अनुसन्धान सम्बन्धी जानकारी शिक्षकलाई हुनुपर्दछ किनभने यसले शिक्षण सिकाइ प्रक्रियामा नयाँ विधिको छनौट गरी शिक्षण कार्यलाई प्रभावकारी र सफल बनाउनमा मद्दत गर्दछ । निरन्तर ज्ञानको खोजीमा निरन्तर रूपमा लागेका शिक्षकहरूलाई नयाँ ढङ्गबाट सिकाउने गर्दछ । फलस्वरूप सिकाइ उपलब्धि हासिल गर्न सहज हुन्छ । शिक्षक पेसागत विकासको आवश्यकता निम्न कारणले भएको देखिन्छ :

- शिक्षक पेसागत विकासले विद्यालयको वातावरणलाई सुधार गरी सहज बनाउँछ ।
- यसले शिक्षकलाई निर्माणवाद, सक्रिय र अन्वेषणात्मक बनाउँछ ।
- शिक्षकहरूलाई आफ्नो पेसाप्रति उत्तरदायी, कर्तव्यनिष्ठ, दक्ष बन्न सहयोग गर्दछ ।
- यसले शिक्षकहरूलाई विषयवस्तु र शिक्षण विधि सम्बन्धी एउटा मजबुत धार वा स्तम्भ प्रदान गर्दछ ।
- शिक्षकहरूलाई आफ्नो कामप्रति मूल्यवान तथा नैतिकवान बनाउँदछ ।
- शिक्षकहरूलाई सामाजिक मूल्य-मान्यताप्रति सचेत गराइ सोही अनुसार शिक्षण प्रक्रियामा अगाडि बढ्न मद्दत गर्दछ ।
- पेसागत दक्षता विकासका लागि स्वयम् आफ्ना आवश्यकता पूरा गर्न क्रियाशील बनाउँछ ।
- पेसागत विकासले नवीनतम शिक्षण पद्धति प्रयोगमा सहयोग पुर्‍याउँछ ।
- यसले शिक्षकको कक्षा सम्बन्धी दक्षता, विद्यालय सम्बन्धी दक्षता, विद्यार्थीहरू सम्बन्धी दक्षता र समुदाय सम्बन्धी दक्षता बढाउनमा सहयोग गर्दछ ।

OECD (2009) का अनुसार शिक्षकको पेसागत विकास कार्यक्रम निम्न आवश्यकता परिपूर्ति गर्न सञ्चालन गरिन्छ :

- सम्बन्धित विषय क्षेत्रमा आएका नवीनतम् प्रगतिका आधारमा शिक्षकको व्यक्तिगत ज्ञानमा बढोत्तरी तथा अद्यावधिक गर्न,
- विद्यमान सन्दर्भमा विकसित नवीनतम् शिक्षण सिकाइका तौर तरिका, सन्दर्भ (Local and global trends), अनुसन्धानले उजागर गरेका मुद्दाहरू, शिक्षाका परिवर्तित उद्देश्यका आधारमा शिक्षकमा नयाँ सिप, धारणा तथा शिक्षणका तौर तरिका विकास गर्न,
- परिवर्तित विषयवस्तु, पाठ्यक्रम तथा नयाँ अभ्यासहरूमा अद्यावधिक हुन एवम् प्रयोग गर्न सक्षम गराउन,

- विद्यालय स्वयम्लाई नै परिवर्तित पाठ्यक्रम तथा सिकाइका सफल एवम् असल अभ्यास प्रयोगकर्ताका रूपमा आवश्यक नवीनतम् रणनीतिहरू विकास गर्न, प्रयोग गर्न सक्षम बनाउन,
- एउटा शिक्षकमा विकास भएका आवश्यक ज्ञान, सिप, धारणा एवम् विज्ञतालाई अन्य शिक्षक वा सरोकारवालाहरू मा आदान प्रदान गर्न,
- आवश्यकता अनुसार सुधारको गुञ्जायस रहेका शिक्षकलाई सहयोग प्रदान गर्न ।

यसरी शिक्षकको पेसागत विकासले शिक्षकलाई अध्ययनशील, अद्यावधिक बनाउनुका साथै समयको माग तथा परिवर्तित पाठ्यक्रमका आधारमा थप ज्ञान तथा विषयवस्तुका बारेमा जानकार बनाउने मात्र नभई शिक्षण सिकाइका नयाँ कला कौशलमा समेत सहयोग पुऱ्याउने गर्दछ । आफ्नो कार्यसम्पादनमा दक्ष, प्रतिबद्ध र जवाफदेही तुल्याउन तथा समस्या समाधानमुखी सिप सिकाउन पनि पेसागत विकासको आवश्यकता रहेको छ । जसका लागि शिक्षक आफैँ तयार भई पेसागत विकासको आवश्यकतालाई आत्मसात् गर्न भने जरुरी हुन्छ ।

### शिक्षण पेसालाई सम्मानित तथा मर्यादित बनाउन शिक्षकका भूमिकाहरू

शिक्षक एउटा शिक्षण पेसासँग सम्बन्धित सामाजिक कर्तव्यनिष्ट र प्रतिष्ठित व्यक्ति हो । समाज र समाजमा रहेका मानिसहरू तथा बालबालिकाहरूको सकारात्मक सोचको अभिवृद्धि गर्न, शिक्षित बनाउन, पढाइप्रति रूचि जगाउन इत्यादि कार्यहरूमा शिक्षकले महत्त्वपूर्ण भूमिका खेल्दछ । शिक्षण पेसा शिक्षकको पेसागत विकाससँग सम्बन्धित चलिरहने निरन्तर प्रक्रिया हो । तसर्थ यसलाई अभिवृद्धि गर्न वा आफ्नो पेसालाई सम्मानित र मर्यादित बनाउन निम्न लिखित भूमिका निर्वाह गर्नु पर्दछ :

- आफ्नो पेसाप्रति सदैव अनुशासित भएर काम गर्नुपर्छ ।
- समयको व्यवस्थापन गर्न सक्नु पर्दछ ।
- उचित स्रोत र साधनको न्यायोचित वितरण गरी शिक्षण पेसालाई प्रभावकारी बनाउनुपर्छ ।
- संविधानले स्थापित गरेका नियमहरू पालना गर्नुपर्दछ ।
- नयाँनयाँ खोज तथा अनुसन्धानात्मक कार्यहरूमा सक्रिय रहनु पर्दछ ।
- आफ्नो पेसाप्रति सधै उत्तरदायी, पारदर्शी, जवाफदेही र चरित्रवान हुनुपर्दछ ।
- अभिभावक, विद्यार्थी र शिक्षकबीचको सम्बन्ध सुमधुर र सकारात्मक हुनुपर्दछ ।
- कसैसँग पक्षपातको भावना राख्नु हुँदैन ।
- अध्यापन कार्यलाई नै प्रमुखकार्य ठान्नु पर्छ ।
- नयाँनयाँ विधि, पद्धतिहरूको विद्यार्थीहरूको क्षमतानुसार प्रयुक्त गर्नुपर्दछ आदि ।

### नेपालमा शिक्षकको पेसागत विकासका लागि भएका प्रयासहरू

- शिक्षक तालिमको सुरुवात वि.सं. २००४ मा आधार शिक्षा अन्तर्गत आधार शिक्षा केन्द्रबाट भएको,
- आ.व. २०१३ देखि नै प्रशिक्षण तालिम जस्ता कुरामा जोड दिइएको,
- २०१६ सालमा त्रि.वि. स्थापना पश्चात शिक्षाशास्त्रले अध्ययनअध्यापन कार्यलाई थप जोड दिएको,
- राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षकको पेसागत विकासलाई जोड दिएको ,

- राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले तालिमलाई अनिवार्य गरेको,
- सेवाकाली नतालिमको व्यवस्था गरेको,
- राष्ट्रिय शिक्षा पद्धतिको आयोगको प्रतिवेदन, २०४९, उच्च स्तरीय आयोगको प्रतिवेदन, २०५५ र शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समितिको प्रतिवेदन, २०५८ समेतले पे्सागत विकासका लागि तालिम वा प्रशिक्षण अनिवार्य गरेको,
- विभिन्न शैक्षिक योजना, परियोजना विभिन्न संस्था मार्फत शिक्षकको पेसागत र क्षमता विकासका प्रयास भएका छन् । जस्तै; आधारभूत तथा प्रथमिक शिक्षा परियोजना मार्फत शिक्षकलाई तालिम प्रदान गर्नु, प्राथमिक शिक्षाविकास परियोजना मार्फत शिक्षकको पेसागत अभिवृद्धि सम्बन्धी काम स्थापित गरेको,
- शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षक वा जनशक्तिको क्षमता अभिवृद्धिमा जोड दिएको,
- शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षक शिक्षा कार्यक्रम मार्फत शिक्षकलाई छोटो तथा लामो अवधिका सेवाकालीन तालिम प्रदान गरेको (मण्डल, २०१९) ।

**शिक्षकको पेसागत विकासका लागि अभ्यासात्मक तरिकाहरू**

शिक्षकहरूले आफ्नो पेसागत विकासका लागि सदैव नयाँ ज्ञान, खोज तथा अनुसन्धान वा यस्तो कार्यहरूका लागि सक्रिय हुनुपर्दछ । उनीहरूले विभिन्न अभ्यासात्मक कार्यहरूमा संलग्न भई आफ्नो पेसागत विकासलाई उच्चविन्दुमा पुऱ्याउन अग्रसर हुनुपर्दछ । पेसागत विकासका अभ्यासात्मक तरिकाहरू निम्नलिखित रहेका छन् :

- सर्वप्रथम, शिक्षकमा जिज्ञासु मतिष्कको विकास गर्नुपर्दछ ।
- दैनिक रूपमा लेखन प्रक्रियामा संलग्न हुनुपर्दछ ।
- सम्मेलन, कार्यशाला, गोष्ठीजस्ता कार्यक्रमहरूमा सक्रिय संलग्नता जनाउनु पर्दछ ।
- प्रयोजना कार्यमा संलग्नहुने ।
- योजना बनाई शिक्षण/पठन-पाठन गर्नुपर्छ ।
- समय समयमा लेखहरू लेखी प्रकाशित गर्नुपर्छ ।
- विभिन्न प्रशिक्षण तालिममा भाग लिने ।
- शिक्षक पेसाग तविकास एउटा निरन्तर प्रक्रिया हो भनी स्वीकार गर्ने र सधैं सिक्नको लागि सक्रिय वा तत्पर रहने ।
- नयाँ मुद्दाहरू वा अन्वेषणहरूसँग अद्यावधिक रहने ।
- शिक्षासँग सम्बन्धित समस्या तथा चुनौतीहरूलाई स्वीकार गरी अगाडि बढ्नु इत्यादि ।

**भाषा शिक्षकको पेसागत विकासका आधारहरू**

नेपाली भाषा शिक्षण भनेको भाषाका चार सिपहरुको शिक्षण हो । भाषिक सिपको शिक्षणबाट विद्यार्थीहरूमा श्रवणकला, वाचनकला, पठनकला र लेखनकलाको विकास हुन्छ । भाषिक सिप शिक्षणमा साहित्यिक र साहित्येत्तर विषयलाई माध्यम बनाइन्छ । यसमा विषयवस्तु गौण र भाषिक सीप शिक्षण प्रमुख हुन्छ । बालबालिकालाई भाषिक सिप, भाषिक सामर्थ्य र भाषिक सम्पादन क्षमताको विकास गर्नु नै भाषिक सिप शिक्षणको उद्देश्य हो । भाषिक सिप शिक्षणमा साहित्यिक र साहित्येत्तर विषयवस्तुलाई

साधन र सिपलाई साध्य बनाइन्छ । भाषाका सिप शिक्षण गर्दा भाषा शिक्षणका आधारभूत सिद्धान्तहरूको प्रयोग गर्नुपर्दछ ।

शिक्षक सिकाइ सहजीकरणको प्रमुख व्यक्ति हो । शिक्षक कै माध्यमबाट विद्यार्थीहरूमा ज्ञान, सिप, अभिवृद्धिमा सकारात्मक परिवर्तन आउँछ । विषयगत रूपमा शिक्षक पनि भिन्न भिन्न हुन्छन् । नेपाली भाषा शिक्षकले नेपाली भाषा सम्बद्ध भाषिक सीपहरूको शिक्षण गर्दछन् भने अन्य विषयका शिक्षकले शिक्षणीय विषयको विषयवस्तु सिकाउँछन् । यसर्थ नेपाली भाषा शिक्षक र अन्य विषयका शिक्षकहरूमा भिन्नता हुन्छ । यस अनुसारले पनि नेपाली भाषाका शिक्षकहरूको पेसागत विकास  र अन्यविषयका शिक्षकहरूको पेसागत विकासका आधारहरू फरक फरक हुन्छन् । अन्य विषयका शिक्षकका पेसागत विकासका आधार र नेपाली विषयका शिक्षकहरूको पेसागत विकासका आधारहरूमा निम्नानुसारको भिन्नता देखिन्छ :

१. भाषा पाठ्यक्रम, पाठ्यपुस्तकतथा शिक्षण सामग्री सम्बन्धी ज्ञान,
२. सामाजिक तथा भाषिक न्याय सम्बन्धी ज्ञान,
३. भाषिक विविधताको सम्बोधन,
४. नेपाली विषय वस्तु सम्बन्धी ज्ञान,
५. सिप सिकाइ सहजीकरण प्रक्रिया,
६. भाषिक सिपगत मूल्याङ्कनको सही प्रयोग,
७. भाषा शिक्षणका सिद्धान्तहरूको सम्यक् पालना गर्ने सिप,
८. भाषा शिक्षणका विधि तथा प्रविधिहरूको भरपुर उपयोग गर्ने कला ,
९. दोस्रो भाषाका रूपमा तथा बहुभाषिक कक्षामा नेपाली शिक्षण गर्ने सिप आदि ।

शिक्षकले आफ्नो पेसागत विकास गर्ने विविध विधि तथा प्रक्रियाहरू हुन्छन् । उनीहरूले विभिन्न तालिम, कार्यशाला, सेमिनार, अवलोकन, भ्रमण आदि कार्यकलापमा सहभागी भएर, शिक्षण सिकाइका विविध पक्षमा अध्ययन अनुसन्धान गरेर, सक्रिय निकायको भूमिका जस्तो रहेको छ सोहीअनुसार भिजेर कार्य गरेर, सरोकारवालाहरूको नजरमा सधैं प्यारो बनेर आफ्नो पेसागत दक्षता बढाउँछन् । यी सम्पूर्ण आधारहरूका आधारमा भाषा शिक्षकको पेसागत विकासका अधारहरूलाई प्राथमिक र द्वितीयक गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

**(क) प्राथमिक आधार**

भाषा शिक्षकका पेसागत विकासका प्राथमिक आधार अन्तर्गत भाषा शिक्षण सहजीकरणका प्रक्रियासँग आवद्ध विषयहरू पर्दछन् । भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सामग्री सम्बन्धी ज्ञान, सामाजिक तथा भाषिक न्याय सम्बन्धी ज्ञान, भाषिक विविधताको सम्बोधन, नेपाली विषय वस्तु सम्बन्धी ज्ञान, सिप सिकाइ सहजीकरण प्रक्रिया, भाषिक सिपगत मूल्याङ्नको सहीप्रयोग गर्ने कला, दोस्रो भाषाका रूपमा तथा बहुभाषिक कक्षामा नेपाली शिक्षण गर्ने सिप लगायतका विषयहरूका आधारमा नै भाषा शिक्षकको पेसागत विकास प्रक्रिया अन्य पेसाका तुलनामा भिन्न रहेको पाइन्छ (सुवेदी, २०७५) ।

**(ख) द्वितीयक आधार**

भाषा शिक्षकको पेसागत विकासका द्वितीयक आधार अन्तर्गत नेपाली भाषा शिक्षण सहजीकरणका प्रक्रिया भन्दा भिन्न विषयहरू पर्दछन् । जस अन्तर्गत शिक्षण सिकाइ विधि सम्बन्धी ज्ञान, सिकारु/बालबालिका सम्बन्धी ज्ञान, सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन, सञ्चार, सहयोग तथा सहकार्य, निरन्तर सिकाइ र पेसागत विकास, पेसागत आचारसंहिता, जस्ता पक्षहरू पर्दछन् । साथै सूचना, सञ्चार तथा प्रविधिको प्रयोग, तलिमको सिद्धान्त र व्यवहारबिच सामञ्जस्यता, कार्यमूलक अनुसन्धान, अनुभव आदानप्रदान, उपचारात्मक सुपरिवेक्षण, मेन्टरिङ तथा कोचिङ, स्वप्रतिबिम्बात्मक सिकाइ, पेसागत तालिम, आन्तरिक तथा बाह्य अवलोकन भ्रमण, कार्यशाला तथा गोष्ठी, शिक्षक सञ्जाल, आत्ममूल्याङ्कन लगायतका आधारहरूलाई द्वितीयक आधार मानिन्छ (सुवेदी, २०७५) ।

**भाषा शिक्षकको पेसागत विकासका पक्षहरू**

नेपाली भाषा शिक्षकहरूको पेसागत विकासमा विभिन्न पक्षहरू संलग्न भइ रहेका हुन सक्छन् । जसमा मुख्यतः शिक्षक, कार्यस्थल, शिक्षण सहजीकरण प्रक्रिया, पेसागत विकासका कार्यक्रम प्रदान गर्ने निकाय, पेसागत सङ्गठन, शक्ति सम्बन्ध, प्रचलित नियम कानुन आदि पर्दछन् (सुवेदी, २०७५) । त्यसै गरी शिक्षकको पेसाप्रतिको धारणा, कार्य अनुभव, सुपरिवेक्षण प्रक्रिया, अध्ययन अनुसन्धान, परियोजनामा संलग्नता, स्वप्रतिविम्बात्मक सिकाइ, अनुभवको आदानप्रदान, पेसागत बैठक, आन्तरिक तथा बाह्य्य भ्रमण, तालिम, कार्यशाला आदि कुराहरू पनि पेसागत विकासको अनुभवमा प्रत्यक्ष संलग्न रहेका हुन सक्छन् । पेसागत विकासमा संलग्न हुन सक्ने विभिन्न पक्षहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

**वैयक्तिक पक्षहरू**

पेसागत विकासका वैयक्तिक पक्षहरू भनेका भाषा शिक्षकहरूसँग सम्बन्धित पक्षहरू हुन् । यस्ता पक्षको विकासमा भाषा शिक्षक आफैँ सचेत भएर लाग्नु पर्ने हुन्छ । जसमा मुख्यतः विषय वस्तुको ज्ञान, शिक्षण प्रविधिमा दक्षता, आत्मसचेतीकरण, सिकारूप्रतिको बुझाइ, पाठ्यक्रम र शैक्षिक सामग्रीको बोध, पेसाको सुदृढीकरण आदि कार्यहरू पर्दछन् । त्यस्तै गरी शैक्षिक योग्यता वृद्धि, स्वअध्ययन, पेसागत निष्ठा, आत्मोन्नतिका लागि स्वचेतना, शैक्षिक तथा पाठ्यसामग्रीको खोजी र प्रयोग, पठनपाठनप्रति लगनशीलता, समसामयिक ज्ञानको प्राप्तिमा चासो, शिक्षण प्रविधिको ज्ञान, सामाजिक क्रियाशीलता, आन्तरिक ऊर्जा उत्पादन र शिक्षणमा त्यसको प्रयोग आदि कार्यहरू पनि शिक्षकको पेसागत विकासका वैयक्तिक पक्षका रूपमा रहेका हुन्छन् । सिकाइमा देखा परेका नवप्रवर्तनका आधारमा स्वपरिमार्जन गर्नु, विषयवस्तुसँग सम्बन्धित ज्ञानको दायरा वृद्धि गर्नु, न्यूनतम भाषिक चेतनाको विकास गर्नु, विद्यार्थी, शिक्षक र अभिभावकसँग सुमधुर सम्बन्धको विकास गर्नु, देखा परेका समस्यालाई सम्बन्धित सरोकारवालाको सहकार्यमा निराकरण गर्नु तथा आफूलाई सामाजिक न्यायकर्ता, समाजको सम्बाहक र भविष्य निर्देशकका रूपमा परिचित गराउनु आदि कार्य पनि शिक्षकको पेसागत विकासका वैयक्तिक पक्षहरू हुन् ।

**संस्थागत पक्षहरू**

संस्थागत पक्षहरू भन्नाले शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि कार्य गर्ने आधिकारिक निकाय बुझिन्छ । यस्ता संस्थाहरूले शिक्षकको पेसागत उन्नयनका लागि गरेका प्रयासहरू संस्थागत पक्षका रूपमा आउँछन् । जसमा मुख्यतः पेसागत विकासका लागि गरिने प्रयासहरू जस्तै : अनुसन्धान, सेवा सुविधाको व्यवस्था, विद्यार्थीको सिकाइको तह स्तरोन्नतिका उपायहरू, सहकर्मी सम्बन्ध विस्तारका कार्य, पाठ्यक्रमगत सुधार आदि कार्यहरू पर्दछन् । त्यस्तै गरी शिक्षकहरूलाई तलबी अध्ययनको सुविधा, क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन, पुरस्कार र उत्प्रेरणाको व्यवस्था, तालिम, अन्तरविषयक तालिम, सेवामा छड्के प्रवेश, राज्यले दिने अन्य सुविधा आदि नीतिगत र व्यावहारिक कार्यहरू संस्थागत पक्षहरू अन्तर्गत पर्दछन् ।

**भाषा शिक्षकको पेसागत विकासमा देखिएका समस्या र समाधानका उपायहरू**

शिक्षणलाई कसरी व्यवसायिक बनाउने भन्ने विषय शिक्षकको पेसागत विकासको प्रमुख चुनौती बनेको देखिन्छ । जुनसुकै काममा दक्षता हासिल गर्नुले मात्र उसको उद्देश्य प्राप्त हुनसक्छ । नेपालमा शिक्षकको पेसागत दक्षता विकासका लागि अनेकौं प्रयास वा कार्यहरू भएका वा गरिएका छन् । तर पनि ती प्रयासहरू ठिक तरिकाले योजनाबद्ध रूपमा हुन नसकेकोले विभिन्न समस्या तथा चुनौतिहरू देखा पर्दछन् । जुन निम्नानुसार रहेका छन्ः

- शिक्षकलाई आफ्नो पेसाप्रति उत्प्रेरित गर्न नसक्नु,
- उचित समयमा उचित तालिमको व्यवस्था हुन नसक्नु,
- शिक्षण सामग्रीको प्रयाप्त मात्रामा उपलब्ध हुन नसक्नु,
- शिक्षक विद्यागत छलफल, तालिम, सेमिनार गोष्ठी, जस्ता कार्यकलापमा सहभागी हुन नचाहनु,
- आफ्नो पेसाप्रति निष्ठावान, कर्तव्यनिष्ठ, र उत्तरदायित्व बहन गर्न सक्ने शिक्षक बन्ने सकारात्मक सोचको विकास नहुनु आदि (मण्डल र अन्य, २०१९) ।

**शैक्षिक परिवर्तन र पेसागत विकास बिचको तालमेलमा समस्या**

नेपालमा शिक्षकको पेसागत विकासको विकासक्रम केलाउँदा शैक्षिक परिवर्तन अनुसार शिक्षकको पेसागत विकासका कार्यक्रमहरू व्यवस्थित हुन सकेको पाइँदैन । शैक्षिक परिवर्तनका योजना तथा कार्यक्रमले अपेक्षा गरिए अनुसारका सिकाइ उपलब्धि हासिल गर्न सक्ने गरी शिक्षक व्यवस्थापन गर्न सकिन्छ वा सकिदैन ? उनीहरूमा भएको पेसागत सक्षमता परिवर्तित योजना अनुसार शिक्षण गर्न पर्याप्त छ वा छैन ? परिवर्तनलाई सफल बनाउन शिक्षक तयारी कार्यक्रममा समसामयिक परिवर्तन गरी गुणस्तरीय शिक्षणका लागि योग्य जनशक्ति आपूर्ति हुन सक्छ वा सक्दैन ? र भइरहेको शिक्षक समुदायलाई परिवर्तित योजनाको प्रारम्भबाट नै शिक्षण सिकाइ सञ्चालन गर्ने गरी सक्षम बनाउन सकिन्छ वा सकिदैन ? हामीकहाँ यस्ता प्रश्नहरूको यथार्थ विश्लेषण गरी शिक्षक तयारी योजना एकसाथ कार्यान्वयन भएको देखिंदैन । नयाँ शिक्षा पद्धतिको योजन (२०२८) ले व्यावसायिक तथा रोजगारमूलक शिक्षालाई प्राथमिकता दिएअनुसार पाठ्यक्रममा परिवर्तन गरियो । तर परिवर्तित ती पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक शिक्षकको पेसागत विकास गरी कार्यान्वयनमा

जान सकिएको देखिएन । फलस्वरूप सो शिक्षा योजनाले अपेक्षित उपलब्धि हासिल गर्न सकेन । यसैगरी प्रतिनिधिमूलक उदाहरणका रुपमा २०५६ सालको माध्यमिक शिक्षाको परिमार्जित पाठ्यक्रमलाई लिन सकिन्छ । त्यस वर्ष माध्यमिक तहमा स्वास्थ्य, जनसङ्ख्या र वातावरण शिक्षालाई अनिवार्य विषयका रूपमा कार्यान्वयनमा ल्याइयो तर विषयगत शिक्षक तथा भइरहेका शिक्षकहरूको आवश्यक पेसागत विकास गर्ने कार्यक्रम आएन । २०५९ सालमा सरकारले कक्षा १ देखि नै अङ्ग्रेजी भाषालाई अनिवार्य रूपमा राख्यो । तर यसका लागि शिक्षक तयार गरिएन । यही प्रकारको उदाहरण वि.सं. २०६८ मा गरिएको आधारभूत तह कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रमलाई पनि लिन सकिन्छ । यसले कक्षा ६ देखि नै साधारण व्यावसायिक सीप विकासका लागि पेसा, व्यवसाय र सम्बन्धित पाठ्यक्रमको व्यवस्था गर्‍यो तर कक्षा ६ देखि ८ सम्म यो विषय पठन पाठन गर्ने शिक्षकको तालिम कार्यक्रम संस्थागत गरिएन । पौडेल (२०७६) काअनुसार कक्षा ९ देखि १२ सम्म साधारण शिक्षा अन्तर्गत सञ्चालित प्राविधिक धार तर्फको पाठ्यक्रम व्यवस्था गरियो । यो पाठ्यक्रम कार्यान्वयन गर्ने शिक्षकहरूको पेसागत सक्षमता विकासका लागि भने व्यवस्थित योजना तथा पाठ्यक्रम आएन ।

हालै मात्र सरकारले कक्षा ९ देखि १२ सम्मको पाठ्यक्रम परिमार्जित गरी रोजगारमूलक व्यवसायमा आधारित पाठ्यक्रमको व्यवस्था गरेको छ । तर नेपालभर कक्षा ९ देखि १२ सम्म रोजगारमूलक विषय पठनपाठन गर्ने शिक्षकको पेसागत विकासको कुनै पाठ्यक्रम तय भएको देखिँदैन । पाठ्यक्रम कार्यान्वयनमा पहिला जाने र शिक्षकको पेसागत विकासको योजना पछि बन्ने अनि सबै विद्यालयका शिक्षकको पेसागत विकास गर्न तिन चार वर्ष लाग्ने गरेको देखिन्छ । यसले शिक्षकहरू बिना क्षमता, बिना तालिम र पर्याप्त पेसागत ज्ञान तथा सीपको अभावबीच नै पठनपाठन गर्न बाध्य हुने गरेका छन् । यसको प्रत्यक्ष असर सिकारुको सिकाइ उपलब्धिमा पर्ने गरेको छ ।

आधारभूत तहका कक्षा १ देखि ५ सम्म एकीकृत पाठ्यक्रमको अवधारणा अनुसारको नयाँ पाठ्यक्रम स्वीकृत भएको समाचार बाहिर आएका छन् । पाठ्यपुस्तकहरू पनि विकास भएका छन् । तर उक्त पाठ्यक्रम कार्यान्वयन गर्ने, शिक्षक तयारी गर्ने योजना अझसम्म आउन सकेको छैन । यो पाठ्यकम एक वर्ष परीक्षण गरी मुलुकभर कार्यान्वयन गर्ने योजनामा सरकार रहेको छ । तर शिक्षक तयारीको पाठ्यक्रम भने आएकै छैन । यस प्रकारको बेमेल शैक्षिक परिपर्तन सबै विषयहरूका देखिँदै र भोगिँदै आएको छ । यस पटकको परिवर्तनमा शिक्षकले बिना तालिम एकीकृत पाठ्यक्रम कार्यान्वयन गर्नुपर्ने अवस्था देखिन्छ जुन, एकीकृत पाठ्यक्रमको सिद्धान्त अनुसार सम्भव छैन ।

हाम्रो पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास केन्द्रीकृत छ । विद्यालय र शिक्षकको सक्रिय सहभागितामा आधारित भई पाठ्यक्रम निर्माण तथा शिक्षक तालिम सञ्चालन हुन सकेको छैन । शिक्षकको पेसागत विकास पनि विद्यालयमा र कक्षा शिक्षणमा आधारित हुन सकेको छैन । शिक्षकको पेसागत विकास तालिम परम्परागत स्वरूपको र बढी विषयवस्तु अर्थात् संज्ञानात्मक पक्षमा आधारित छ । शिक्षण अभ्यासमा आधारित हुन सकेको छैन । शिक्षक सहयोग पद्धति अत्यन्तकमजोर छ । शैक्षिक परिवर्तनको विषयमा शिक्षकको अत्यन्त न्यून सहभागिता रहने गरेको छ ।

पेसागत विकासका सन्दर्भमा विगतको अनुभवबाट अझै पनि सिक्न सकिएको छैन । विगतको सिकाइका आधारमा शिक्षकको पेसागत विकास कार्यक्रम स्तरीकृत भएको छैन । शिक्षकको पेसागत तालिम निरन्तर सञ्चालन भैरहने तर विद्यार्थीको सिकाइ उपलब्धिमा चाहिँ सकारात्मक

परिवर्तन नहुने अवस्थाले निरन्तरता पाइरहेको छ । शिक्षकले तालिम माग्ने अवस्था भन्दा सरकारले शिक्षकको तालिम आपूर्ति गर्ने प्रणाली निरन्तर चलिरहेको छ ।

शिक्षकको पेसागत विकासमा विविधता आउन सकेको छैन । केवल सरकारले प्रदान गर्ने शिक्षक तालिम नै प्रमुख बन्दै आएको छ । रिजाल (२०७०) का अनुसार कार्यमूलक अनुसन्धानमा आधारित शिक्षण सिकाइ, पाठ्यक्रम तथा पाठ्यवस्तु विकास, प्रवर्तनात्मक सीप विकास, सूचना सञ्चार तथा प्रविधिको प्रयोग, शैक्षिक सामग्री विकास र प्रयोग, विद्यार्थी मूल्याङ्कन जस्ता विषयमा आवश्यक दक्षताविकास केन्द्रित शिक्षक तालिम सञ्चालन हुन सकेका छैनन् । शिक्षक समुदायहरू बीच निरन्तर पेसागत विकासको छलफलको अभ्यास गर्ने वातावरण सिर्जना भएको छैन । शिक्षकले स्वअध्ययन तथा विद्युतीय पाठ्यक्रममा आधारित विकास कार्यक्रममा सहभागी हुने पर्याप्त अवसर प्राप्त गर्न सकेका छैनन् ।

**अन्य समस्याहरू**

- सङ्कायगत समस्या ,
- अध्यापन अनुमतिपत्रगत समस्या ,
- शिक्षक छनोट र नियुक्तिगत समस्या,
- सरुवा तथा बढुवागत समस्या,
- विषयगत तालिम तथा क्षमता उपयोगगत समस्या,
- शिक्षकको माग र आवश्यकतागत समस्या,
- शिक्षकका व्यक्तिगत समस्या,
- संस्थागत समस्या,
- पेसागत विकासको प्रक्रियागत समस्य,
- शैक्षिक सामग्रीगत समस्या,
- नीति तथा कार्यक्रमगत समस्या,
- सौद्धान्तिक तथा व्यावहारिक समस्या,
- राजनैतिक समस्या,
- अनुगमन तथा मूल्याङ्कनगत समस्या,
- नेपाली विषय, शिक्षण विधि तथा कार्यकलापगत समस्या ।

**समाधानका उपायहरू**

भाषा शिक्षकको पेसागत विकासमा देखिएका समस्याहरू समाधान गर्नका लागि व्यक्ति वा राज्यका तर्फबाट निम्नानुसारका उपायहरू अवलम्बन गर्न सकिन्छ :

- शिक्षकहरूको सेवा प्रवेश तालिमलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नु,
- भाषा शिक्षकका लागि प्रर्याप्त मात्रामा विषयगत तालिम प्रदान गर्नु,
- स्थानीय स्तरका संस्थाहरूको संस्थागत क्षमता विकास गर्नु,
- शिक्षकलाई निरन्तर रूपमा पेसागत सहयोगको सुनिश्चितता प्रदान गरी शिक्षण पेसाप्रति प्रतिबद्ध र उत्तरदायी बनाउनु,

- शिक्षकहरूको पेसागत तालिमको अवधि छोटो समयमा पूरा गर्न सकिने खालको बनाउनु पर्ने,
- शिक्षकको पेसागत तालिममा सिकेका विविध विषयहरूलाई शिक्षकले कक्षाकोठामा प्रभावकारी रूपले कार्यान्वयन गर्नका लागि नियमित अनुगमन र मूल्याङ्कन गर्ने,
- शिक्षक उत्पादन गर्नका लागि प्रयोगमा ल्याइएका पाठ्यक्रमलाई पेसागत रूपमा सक्षम शिक्षक उत्पादन गर्न सकिने गरी समय समयमा अद्यावधिक गर्नु,
- परम्परागत रूपमा सञ्चालन भएका शिक्षक उत्पादन गर्ने संस्थाहरूको संस्थागत सक्षमतामा विकास गर्नु,
- शिक्षकको पेसागत विकासका लागि सञ्चालन भएका अनुगमन मूल्याङ्कन प्रक्रियाहरू व्यवहारिकतामा ल्याउनु,
- शिक्षकहरूले तालिममा सिकेका ज्ञान, सिप र प्रवृत्तिहरूलाई कक्षाकोठामा प्रभावकारी रूपले प्रयोग गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्न विद्यालय प्रशासनबाट पहल गरिनु आदि । (सुवेदी, २०७५)

**भाषा शिक्षकको पेसागत विकासमा संलग्न संस्थाहरू र तिनको भूमिका**

नेपालमा नेपाली भाषा शिक्षणमा भाषा शिक्षकको पेशागत उन्नयनका लागि थुप्रै प्रयासहरू गरिएका छन् । तिमध्ये केही प्रमुख संस्थाहरू जुन संस्थाहरूले नेपाली भाषा शिक्षकहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा उन्नयनमा टेवा पुऱ्याएका छन् ।

**१. शिक्षामन्त्रालय**

नेपाल सरकारको शिक्षा क्षेत्रको समग्र प्रणालीको अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण तथा समन्वय गर्नका लागि एक शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय राखिएको छ । यो निकाय शैक्षिक क्षेत्रकै समग्र क्षेत्रलाई समेटेर कार्य गर्नका लागि स्थापना भएको संस्था हो । नेपाल सरकारको नियमात्मक निकायको रूपमा यसलाई लिइएको पाइन्छ । यसले नेपाली भाषा शिक्षकका हकमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याइ रहेको छ । यो मन्त्रलाय सम्पूर्ण शिक्षा क्षेत्रकै छाता संस्थाको रूपमा स्थापित संस्था हो । यस संस्थाले शिक्षकको पेशागत उन्नयनका क्षेत्रमा काम गर्ने सम्पूर्ण संस्थाहरूको नियमनकारी भूमिका खेल्ने भएकाले महत्त्वपूर्ण रहेको पाइन्छ ।

**२. विश्वविद्यालयहरू त्यस अन्तर्गतका शिक्षाशास्त्र संकायहरू**

नेपालमा ११ ओटा विश्वविद्यालयहरू रहेका छन् । यीमध्ये त्रिभूवन विश्वविद्यालय (२०१६) नै पहिलो स्थापित विश्वविद्यालय हो । नेपाल संस्कृत विश्वविद्यालय (२०४३), काठमाडौं विश्वविद्यालय (२०४८), पूर्वाञ्चल विश्वविद्यालय (२०५०), पोखरा विश्वविद्यालय (२०५५) लुम्बिनी विश्वविद्यालय (२०६१), मध्यपश्चिमाञ्चल, सुदुरपश्मिाञ्चल, नेपाल कृषि तथा वन, राजर्षी जनक र खुला विश्वविद्यालय रहेका छन (ne.m.wiki) । यी विश्वविद्यालय अन्तर्गतका शिक्षाशास्त्र संकायहरू शिक्षकको पेशागत उन्नयनमा महत्त्वपूर्ण छन् ।

वि.सं. २००४ बाट शिक्षक शिक्षाको सुरुवात भए पश्चात २०४० सालमा शिक्षा संस्थालाई शिक्षाशास्त्र संकाय बनाइएपछि हालसम्म त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र संकाय नै शिक्षकलाई

पूर्वसेवाकालिन तालिम दिने सबैभन्दा ठुलो संस्थाको रूपमा रहेको छ। शिक्षाशास्त्र संकाय नेपाली भाषा विभाग नेपाली भाषा शिक्षक उत्पादन गरी योग्य तथा दक्ष शिक्षक राष्ट्रलाई दिलाउने प्रमुख संस्था नै हो।

**३. शिक्षा तथा मानवस्रोत विकास केन्द्र**

मन्त्री परिषद्को २०७५ फागुन १६ गतेको निर्णय अनुसार मन्त्रालयको कार्य विभाजनमा हेरफेर भई कार्यक्षेत्र तथा संरचना परिवर्तनका लागि मन्त्रालयका तत्कालिन सचिव मधुप्रसाद रेग्मीको संयोजकत्वमा गठित १० सदस्यीय समितिको सिफारिसको आधारमा तत्कालिन शिक्षाविभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रलाई एकीकृत गरी शिक्षा तथा मानवश्रोत विकास केन्द्र बनाइएको थियो। यस केन्द्रमा तीन महाशाखा र सत्रओटा शाखा रहेका छन्। शैक्षिक योजना तथा विकास महाशाखा, शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखा, मानव संशाधनविकास महाशाखा रहेका छन्।

यस संस्थाले सम्पूर्ण शिक्षा क्षेत्रकै अनुगमन, मूल्याङ्कन, तथा नियमन गर्ने भएकाले नेपाली भाषा शिक्षकको पेशागत उन्नयनमा अहम् भूमिका रहेको पाउन सकिन्छ।

**४. शिक्षक सेवा आयोग**

सामुदायिक विद्यालयका शिक्षकहरूको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न, शिक्षकका लागि आवश्यक पर्ने अध्यापन अनुमति पत्र प्रदान गर्न र शिक्षकको सेवा, सर्त र सुविधा सम्बन्धी विषयमा सरकारलाई सुझाव दिन उच्चस्तरीय राष्ट्रिय आयोग २०५५ ले दिएको सुझाव अनुरूप शिक्षा ऐन, २०२८ मा भएको छैटौं संशोधनले २०५६ सालमा राष्ट्रिय शिक्षक सेवा आयोगको गठन भएको थियो। त्यसपछि वि.सं. २०५८ माघ २५ गते शिक्षा ऐन, २०२८ मा सातौं संशोधन गरी शिक्षक सेवा आयोग गठन भएको हो। आयोगमा एक अध्यक्ष सहित तीन सदस्य रहने प्रावधान छ।

**५. राष्ट्रिय परीक्षावोर्ड**

यस अघि उच्च माध्यामिक शिक्षा परिषद् रहेकोमा शिक्षा ऐन, २०२८ को आठौं संशो धन २०७३ ले उच्च माध्यमिक शिक्षा परिषद्बाट सम्पादन हुँदै आएका सम्बन्धन विद्यालय अनुमति, छात्रवृत्ति, विद्यालय सञ्चालन सम्बन्धी कार्य शिक्षा तथा मानव श्रोत विकास केन्दबाट व्यवस्थापन गरिने र पाठ्यक्रमनिर्माण, विकास एवं समकक्षता निर्धारण सम्बन्धी कार्य पाठ्यक्रमविकास केन्द्रबाट सम्पादन गर्ने गरी एसइइ (कक्षा १०) को परीक्षा एवं कक्षा ११ र १२ को परीक्षा सम्बन्धी कार्यलाई एकीकृत अवयवको रुपमा राष्ट्रिय परीक्षाबोर्डको क्षेत्राधिकार रहने गरी स्थापना गरिएको परीक्षा पद्धतिको विकासमा केन्द्रित अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था नै राष्ट्रिय परीक्षाबोर्ड हो।

**६. पाठ्यक्रम विकास केन्द्र**

पाठ्यक्रम विकास केन्द्र, शिक्षामन्त्रालय अन्तर्गतको विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक एवम् अन्य शैक्षणिक सामग्रीको विकास, परिमार्जन तथा सुधार गरी शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिमा

ठोस सहयोग पु¥याउनका लागि स्थापित प्राज्ञिक केन्द्र हो । वि.सं. २०२८ मा पाठ्यक्रम पाठ्यपुस्तक तथा निरिक्षण विकास केन्द्रका रूपमा स्थापित यो संस्था २०५४ सालमा पाठ्यक्रम विकास केन्द्रका रूपमा रूपान्तरित भएको थियो । राष्ट्रिय शिक्षा क्षेत्रको विकासका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा शैक्षिक सामग्री निर्माण गरी दक्ष, सुशील, नैतिकवान्, कर्तव्यनिष्ठ र सकारात्मक सोच भएका नागरिक निर्माणका लागि आधार स्तम्भका रूपमा रहेको विद्यालय शिक्षालाई समसामयिक, विद्यार्थी केन्द्रित, व्यावहारिक र विश्व परिवेशमा प्रतिस्पर्धी बनाउन यो केन्द्रले महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

पाठ्यक्रम विकास केन्द्रले शिक्षकको पेशागत विकासमा विभिन्न कार्यहरू गर्दै आएको पाइन्छ । पाठ्यक्रम विकास, परिमार्जन र परिक्षणका साथै पाठ्यपुस्तक तथा सिकाइ सहजीकरण क्रियाकलाप सम्बद्ध शैक्षणिक सामग्री विकास, परिमार्जन, सुधार, परिक्षण प्रबोधिकरण गर्ने कार्यका साथै मातृभाषाका पाठ्य सामग्री विकास र वितरण गर्ने/गराउने कार्य गर्दछ ।

## ७. विद्यालय शिक्षक किताबखाना

नेपाल सरकारको अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालयमा काम गर्ने शिक्षकहरूको नियुक्ति, बढुवा लगायत शिक्षकहरूको सम्पूर्ण सेवासम्बन्धी अभिलेख राख्न तथा सेवानिवृत्त पछिको नियमानुसार सुबिधा उपलब्ध गराउने सम्बन्धी कार्य गराउनका लागि विद्यालय शिक्षक किताब खाना स्थापना भएको हो ।

यस संस्थाले शिक्षकको वैयक्तिक विवरण दर्ता गरी नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, तालिम, शैक्षिक योग्यता, पुरस्कार, विभागीय कार्वाही, असाधारण एवं अध्ययनबिदा, औषधि उपचारको र कम जस्ता शिक्षकसँग सम्बन्धित विवरणहरू वैयक्तिक विवरण फाइलमा संलग्न गरी अद्यावधिक गर्ने गरेको पाइन्छ । जसले शिक्षकको सत्यतथ्य विवरण सुरक्षित बनाएर शिक्षकको पेशागत उन्नयनमा टेवा पु¥याउने देखिन्छ ।

## ८. शैक्षिक गुणस्तर परीक्षण केन्द्र

नेपालको समग्र विद्यालयतहको शैक्षिक क्षेत्रमा सुधार गर्ने गरी विकास गरिएको विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले शिक्षा क्षेत्रमा भए गरेका प्रयासहरूको स्वतन्त्र परीक्षण गरी गुणस्तर र जवाफदेही अभिवृद्धिमा सघाउ पु¥याउने अभिप्रायले एक स्वतन्त्र र स्वायत्त परीक्षण संस्थाको स्थापना गर्ने उद्देश्य बमोजिम शिक्षा ऐन, २०२८ को आठौं संशोधनले विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतका लागि भनेर शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना २०६६ सालमा भएको पाइन्छ ।

यस संस्थाले पनि शिक्षकको पेशागत विकासमा सहयोग पुग्ने विभिन्न कार्यहरू गर्दै आएको पाइन्छ । निर्धारक मापदण्ड, मानक, कार्य निर्देशिका, उद्देश्य एवं सूचकका आधारमा शिक्षामन्त्रालय अन्तर्गतका निकायहरू तथा विद्यालयहरूको समग्र शैक्षिक पद्धति, संस्थागत क्षमता र वैयक्तिक सक्षमता तथा कार्य प्रगतिको लेखाजोखा गर्दै शिक्षाको गुणात्मक सुधारका लागि विद्यार्थीहरूको सिकाइ स्तरको आवधिक रूपमा परिक्षण गर्ने कार्य गर्दछ । यसका साथै शिक्षा क्षेत्रका विभिन्न निकायलाई समसामयिक शैक्षिक मुद्दाहरूमा पहिचान तथा अध्ययनद्वारा सुझावहरूको कार्यान्वयन गर्न लगाएर शिक्षकको पेशागत विकासमा सहयोग पु¥याएको पाइन्छ ।

**९. शिक्षातालिम केन्द्र**

यस अघि तत्कालीन शिक्षा विभाग अन्तर्गत देशभर २३ ओटा शैक्षिक तालिम केन्द्र रहेकोमा संघीय संरचनाअनुसार अहिले उक्त निकायहरूलाई जनशक्ति विकास केन्द्र अन्तर्गत मानव संसाधन विकास शाखाका मातहतमा देशभरी शिक्षातालिम केन्द्र नामाकरण गरी सात प्रदेशमा एक-एक केन्द्रको स्थापना गरिएको पाइन्छ । सुनसरी, बारा, धुलिखेल, तनहुँ, बुटवल, सुर्खेत र डोटीमा स्थापित केन्द्रह् प्रारम्भिक बालकक्षादेखि १२ कक्षा सम्म पढाउने शिक्षकलाई सेवाकालीन तालिम दिइदै आइएको पाइन्छ । शिक्षकलाई बढुवाका निम्ति नम्बर जोडिने प्रमाणिकरण तालिम र शिक्षण सिकाइ पुनर्ताजकी तालिम समेत दिने गरिएको छ ।

शिक्षातालिम केन्द्रले शिक्षकको पेशागत उन्नयनमा सर्वोपरी भूमिका निर्वाह गरेको पाइन्छ । समय सन्दर्भमा परिवर्तित नविनतम् दुनियामा शिक्षकलाई भिजाउनमा यस संस्थाले अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन तालिम प्रदान गराएर शिक्षकको पेशागत विकासमा सहयोग पुऱ्याएको पाइन्छ ।

**१०. शिक्षाविकास तथा समन्वय इकाई**

स्थानीय सरकार सञ्चालन ऐनले २३ ओटा शिक्षाका काम स्थानीय तहमा र २१ ओटा समन्वय इकाईमा रहने व्यवस्था गरेको पाइन्छ । परीक्षा लिने देखि शिक्षक बढुवाका सम्पूर्ण काम गर्ने एसएसडिपि तर्फका कामहरू शिक्षाविकास तथा समन्वय इकाईमा जिम्मेवारी प्राप्त भएको पाइन्छ ।

माथिल्लो निकायबाट प्राप्त जानकारी तथा निर्देशन बमोजिम स्थानीयतह र विद्यालयमा कार्यान्वयन गराउने लगायतका कार्य गरेर यस संस्थाले शिक्षकको पेशागत उन्नयनमा सहयोग पुऱ्याएको पाइन्छ ।

**११. स्थानीय निकाय**

नेपालको संविधान २०७२ अनुसार देश संघीय संरचनामा गएको अवस्थामा नेपाल सर कारले शिक्षालाई सुदृढ गर्न तथा व्यवस्थि ततुल्याउनका लागि तीन तहमा कार्य विभाजन गरी शैक्षिक कार्यक्रमलाई अगाडि बढाउने नीति लिएको पाइन्छ । केन्द्रिय/संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तिनै तहका बीचमा कार्य विभाजन गरिएका छन् । जसमा स्थानीय तहमा माध्यमिक तह सम्मको अधिकार दिइएको छ । स्थानीय निकायमा रहेका विभिन्न शाखाहरू मध्ये एक शिक्षाशाखा रहने व्यवस्था गरिएको छ । यस शाखाले माध्यमिक तहसम्मका शिक्षकको तालिम तथा अन्य पेशागत विकास सम्बन्धी कार्य गर्ने प्रावधान रहेको पाइन्छ । यस अघिको व्यवस्था अनुसार स्रोत केन्द्रले गर्दै आएको कार्य समेत स्थानीय तहबाटै गरिने छ । स्थानीय तह सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ ज मा गाउँपालिका नगरपालिकाका शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकारको उल्ले ख
गरिएको छ । जसमा २३ ओटा कामको व्यवस्था गरिएको छ (शर्मा, २०७४) । यसले विद्यालय शिक्षकको पेशागत विकासमा टेवा पुऱ्याउने देखिन्छ ।

**१२. विद्यालय**

हाल नेपालमा करिब २७९१४ सामुदायिक, ६५६६ संस्थागत तथा ११२१ धार्मिक गरी जम्मा ३५६०० विद्यालय रहेको पाइन्छ (थापा, २०७६) । यि विभिन्न विद्यालयबाट शिक्षकको पेशागत विकासमा प्रत्यक्ष रूपमा सहयोग भइरहेको छ । शिक्षक हरेक दिन अद्यावधिक हुने मौका भनेकै विद्यालयबाट पाउँछ । विद्यालयमा औपचारिक तथा अनौपचारिक कार्यक्रमहरूबाट शिक्षकले आफ्नो पेशालाई निरन्तर अद्यावधिक गराइ रहेको हुन्छ । नियमित कक्षा, दैनिक तथा अन्य शैक्षणिक योजना, शिक्षक अन्तर्क्रिया, विद्यार्थी शिक्षक अन्तर्क्रिया, अतिरिक्त क्रियाकलाहरू आदिबाट शिक्षकको पेशागत उन्नयनमा टेवापुगेको पाउन सकिन्छ ।

## निष्कर्ष

व्यक्ति जुनसुकै पेसा व्यवसायमा संलग्न भएता पनि उक्त पेसाप्रति दक्ष र बफदार हुन आवश्यक छ । अनिमात्र सोचेजस्तो उपलब्धि हासिल गर्न सकिन्छ । जब व्यक्ति आफ्नो पेसाप्रति निष्ठावान हुन्छ र पेसागत दक्षता र सिप हासिल गर्छ, अनि उसमा कुनै पनि विषयवस्तुप्रति निर्णय गर्ने क्षमताको विकास हुन्छ । उसमा निर्णय क्षमताको विकास भएपछि नेतृत्व सिपको विकास पनि हुँदै जान्छ । ऊ निडर भएर समाजमा नेतृत्वदायी भूमिका निर्वाह गर्न पुग्छ जसले गर्दा उसको व्यक्तित्वमा पनि विकास हुन्छ । शिक्षकले आफ्नो पेसागत विकास गर्ने विविध विधि तथा प्रक्रियाहरू हुन्छन् जसलाई प्राथमिक र द्वितीयक गरी दुई भागमा विभाजन गर्न सकिन्छ । प्राथमिक आधार अन्तर्गत भाषा शिक्षण सहजीकरणका प्रक्रियासँग आवद्ध विषयहरू जस्तैः भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सामग्री सम्बन्धी ज्ञान, सामाजिक तथा भाषिक न्यायसम्बन्धी ज्ञान, भाषिक विविधताको सम्बोधन आदि पर्दछन् भने द्वितीयक आधार अन्तर्गत नेपाली भाषा शिक्षण सहजीकरणका प्रक्रिया भन्दा भिन्न विषयहरू जस्तैः शिक्षण सिकाइ विधि सम्बन्धी ज्ञान, सिकारु/बालबालिका सम्बन्धी ज्ञान, सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन, सञ्चार, सहयोग तथा सहकार्य, निरन्तर सिकाइ र पेसागत विकास, पेसागत आचारसंहिता, जस्ता पक्षहरू पर्दछन् । त्यसैगरी नेपाली भाषा शिक्षक समयानुकुल अद्यावधिक गराउन तथा शिक्षाका विभिन्न कार्य गर्नका लागि विभिन्न संस्थाहरूको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । नेपाल बहुभाषिक, बहुजातीय तथा बहुसांस्कृतिक मूलुक भएकाले यहाँका सबै भाषाभाषी, जात जातिलाई नेपाली भाषा शिक्षण गर्नको लागि विभिन्न प्रकारका नियमनकारी निकायको व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ ले राष्ट्रलाई संघीय ढाँचामा पुर्नसंरचाना गरे अनुरूप शिक्षा क्षेत्रमा पनि संघीयताको मर्म अनुरूप तीनतहमा कार्य विभाजन गरी अधिकार प्रत्यायोजन गरेको पाइन्छ । शिक्षाका सबै क्षेत्रलाई नियमनकारी भूमिका निभाउनको लागि केन्द्रमा एक शिक्षा तथा प्रविधि मन्त्रालय र यसको मातहतमा अन्य विभिन्न निकायहरूको व्यवस्था सरकारले गरेको छ । सोही निकायहरू तथा ति निकायले नेपाली भाषा शिक्षकको पेशागत विकासमा प्रत्यक्षवा परोक्ष रूपमा सहयोग गरिरहेको पाइन्छ । जसमा विश्वविद्यालयहरू तथा सो अन्तर्गतका शिक्षाशास्त्र संकाय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शिक्षक सेवाआयोग, राष्ट्रिय परीक्षावोर्ड, पाठ्यक्रमविकास केन्द्र, विद्यालय शिक्षक किताबखाना, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, शिक्षातालिम केन्द्र, शिक्षाविकास तथा समन्वयइकाइ, स्थानीय निकाय तथा विद्यालयहरू पर्दछन् ।

## सन्दर्भ सामग्री

अधिकारी, गोविन्द र अन्य (२०६०), अध्यापन अनुमति पत्र दर्पण, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।
अधिकारी, विष्णुप्रसाद (२०६३), शिक्षक दिग्दर्शन, काठमाडौंः आशिष पुस्तक भण्डार, बागबजार ।
ओझा, रामनाथ र अन्य (२०६९), आधारभूत शैक्षिक ज्ञान र नेपाली भाषा शिक्षण, काठमाडौंः पिनाकल पब्लिकेसन प्रा.लि., बागबजार ।
खनिया, बुद्धराज (२०७५), नेपाली भाषा शिक्षणः सिद्धान्त र प्रयोग, काठमाडौं : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि., बागबजार ।
नेपाल प्रज्ञा प्रतिष्ठान (२०७५), नेपाली बृहत् शब्दकोश ।
मण्डल, जयप्रकश र अन्य (सन,२०१९), समकालीन शैक्षिक मुद्दाहरू, काठमाडौं : दिक्षान्तर पुस्तकप्रकाशन, कीर्तिपुर ।
लम्साल, हरिप्रसाद (२०६८), शिक्षाको वित्तीय र शैक्षिकव्य वस्थापन, काठमाडौं : सोपानमासिक ।
शर्मा, केदारप्रसाद र पौडेल, माधव प्रसाद (२०६७), नेपालीभाषा र साहित्य शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।
सुवेदी, कृष्णप्रसाद (२०७५), नेपाली भाषा शिक्षकहरूको पेसागत विकासका आधारहरूको अध्ययन, अप्रकाशितदर्शनाचार्य शोध प्रबन्ध, कीर्तिपुर : शिक्षाशास्त्र सङ्काय डिनको कार्यालय, त्रि.वि. ।

## विद्युतीय सामग्री

अधिकारी, बिष्णुप्रसाद, (२०६३) भाषा, राष्ट्रिय भाषा, राष्ट्र भाषा र शिक्षाको माध्यम तथा मातृभाषामा शक्षा, https://www.nepjol.info (PDF)
कोइराला, विश्वनाथ, (२०७४),संघीयतामा नेपाली शिक्षक
(https://www.prodigygame.com/blog/teacher-professional-development/)
रामाकान्तशर्मा, स्थानीयतह सञ्चालन ऐन २०७४ मा शिक्षा सम्वन्धीअधिकारको कार्यान्वयन , समस्या र समाधान (२०७४.पुस २७) Education pati https://www.teacher.org/topic/professional-development-teachers
हरी बहादुर थापा, महंगो शिक्षा र सामुदायिक विद्यालय, (२०७६ माघ ६) राजधानी दैनिक
https://www.edglossary.org/professional-development/
Ethnologue 2020. https://www.ethnologue.com/ethnoblog/gary-simons/welcome-23rd-edition